**गरिमामय पाँचौ नगर सभाका सभा अध्यक्ष तथा सदस्यज्यूहरु,**

यस रामग्राम नगरपलिकाको पाँचौ नगरसभामा उपस्थित सभाअध्यक्ष एवं नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित गणहरुमा हार्दिक स्वागत एवं नमस्कार व्यक्त गर्दछु ।

नेपालको संविधानले संस्थागत गरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय शासन प्रणाली अन्तर्गत निर्वाचन भएपछि गठित रामग्राम नगरपालिकाको तेश्रो बर्षको नीति तथा कार्यक्रम पाँचौ सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

नेपाली जनताको अथक प्रयास, सदियौं देखिको नेपाली जनताको चाहना, विभिन्न कालखण्ड र समयमा सम्पन्न आन्दोलनको उपलब्धीका रुपमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियान लक्षित नीति तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा असिम गर्वको अनुभुति गरेको छु ।

नेपालको संविधानद्वारा स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसंग नागरिक स्तरबाट गरिएका अपेक्षालाई सम्बोधन गरी समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण हुने विश्वास दिलाउँदै शान्ति, विकास, सुशासन, पारदर्शिता, जवाफदेहि तथा उत्तरदायी स्थानीय सरकारको माध्यमबाट विकास र समृद्धि हासिल गर्नका लागि नगरसभाका निर्णयहरु मार्गदर्शनका रुपमा रहने विश्वास लिएको छु ।

यस रामग्राम नगरपालिकाले परिकल्पना गरेको शान्ति, सुशासन, विकास तथा समग्र सम्वृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने विश्वासका साथ नीति तथा कार्यक्रम पेश गरेको छु ।

**सभा अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु । रामग्राम नगरपालिकाको आ.ब. २०७६।०७७ को नीति तथा कार्यक्रम यस प्रकार रहेको छ ।

१) संविधानले प्रत्याभूत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई समुन्नत, समृद्ध बनाई सरकारका विभिन्न तह विचको सम्बन्धलाई विश्वासिलो बनाउने बहु तह/सरकारका साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिकाको विकासका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग रहेको विज्ञता, विशेषज्ञता, प्रविधि र स्रोत साधन परिचालनका लागि आवश्यक व्यवस्था मिलाईने छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय/ आर्थिक अनुदान तथा राजश्व बाँडफाँडका अतिरिक्त आयआर्जन हुने तथा राजश्व अभिवृद्धि हुने उपयुक्त परियोजना संचालन गर्ने व्यवस्था मिलाईने छ ।

२) नगरपालिकाको शासकीय तथा प्रशासनिक क्रियाकलाप सम्पादन गर्दा सुशासनका पक्षलाई आत्मसात गरिने छ । साथै विकास निर्माणका योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता, जनअपेक्षाको संवोधन तथा जनसरोकारका सवालहरुलाई संवोधन गर्ने व्यवस्था मिलाइने छ ।

३) नगरको समग्र विकासका लागि नगर प्रोफाईल र नगर आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ । नगर विकास योजनामा आधारित भई नगरको विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने व्यवस्था मिलाईने छ ।

४) टुक्रे र खुद्रे विकास प्रयासले मात्र हाम्रो समृद्धि सम्भव छैन । लगानीलाई नतिजामा आवद्ध गरी विकासका ठूला पूर्वाधारमा लगानीलाई केन्द्रीकृत गर्न आवश्यक छ । तसर्थ हाम्रो विकास प्रयासलाई सार्थक बनाउनका लागि सरकारी, गै.स.स.,विकास साझेदारबाट प्राप्त सहयोग समेत परिचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार क्षेत्र विकास, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानीलाई केन्द्रीत गरिने छ ।

५) सार्वजनिक जग्गा र सार्वजनिक सम्पत्ति संरक्षण कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिने छ । सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ ।

६) “नगरवासीको सरोकार स्वच्छ, पारदर्शी विकासमुखी स्थानीय सरकार“लाई साकार बनाउन रामग्राम समृद्धिका योजना संचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार, कृषि क्षेत्र, पर्यटन क्षेत्र विकास तथा शिक्षा र स्वास्थ्य लगायतका  क्षेत्रका नगरस्तरीय योजना बनाई कार्यान्वयनको व्यवस्था मिलाईने छ ।

७) लक्षित वर्गका लागि विनियोजित रकमलाई सोही वर्गसम्म पुऱ्याई उद्यमशिलता प्रर्वद्धन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि “ नगर प्रमुखसँग उद्यमशिलता विकास” कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत आर्थिक, सामाजिक सांस्कृतिक रुपले पछाडि परेका वर्ग र समुदायको सिप तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

८) आवश्यक पर्ने नीति तथा कानुन र दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति नहुँदा जनअपेक्षा बमोजिमको सेवा प्रवाह गर्न सकिएको छैन । यसका लागि आवश्यक पर्ने नीति तथा कानुन निर्माण गरिनेछ । सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण र कर्मचारी व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ ।

९) पूर्वाधार क्षेत्र विकास र पर्यटनलाई आवद्ध गरिने छ । पर्यटकीय पूर्वाधारका क्षेत्रमा रहेको रामग्राम स्तुपाको विकास र विस्तारमा जोड दिइनेछ ।  प्रदेश सरकारसँगको साझेदारीमा रामग्राम स्तुपा संग्रहालय निर्माण गरिनेछ । निर्माणाधिन रुपमा रहेको पर्यटन विश्राम गृहलाई व्यवस्थित बनाईने छ । नगरका मूख्य मूख्य चोकमा बुद्धको मूर्ति राखिने छ । बुद्धको मावलीको रुपमा रहेको पण्डितपुरको भौगर्विक अन्वेषण गरिनेछ । कृतिम ताल र जलाशय निर्माण गर्न डिपिआर तयार गरिने छ ।

१०) नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागि राजश्व प्रशासनमा सुधार गरिनेछ । करको दायरालाई विस्तार गरिनेछ र करका दरहरुलाई समयानुकुल सुधार गरिनेछ । नगरपालिका केन्द्रबाट लिईदै आएको विभिन्न करहरुलाई प्रत्येक वडा कार्यालय मार्फत संकलन गर्ने कार्यक्रम संचालन

गरिनेछ । कर चुहावट क्षेत्रको पहिचान गरी कर राजश्व संकलनलाई अभियानका रुपमा अगाडि बढाईनेछ । यसका लागि जनप्रतिनिधी, निजी क्षेत्रका व्यवसायी, कर्मचारी लगायत नागरिक समाजसँग सहकार्य गर्ने व्यवस्था मिलाईने छ । राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । " कर सचेतना" सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

११) नगरबाट प्रवाह हुने सेवालाई आधुनिक प्रविधिसँग आवद्ध गरिनेछ । पञ्जिकरण लगायत घटनादर्ता कार्यलाई अनलाईन प्रणालीमा आबद्ध गर्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाका सबै सुचना र तथ्याङ्कलाई अनलाईन तथा आधुनिक प्रविधिको प्रयोग मार्फत सरोकारवाला समुदायसम्म पुऱ्याईनेछ । साथै नगरक्षेत्र भित्रका विधालय र स्वास्थ्य सेवाकेन्द्रलाई नेटवर्किङ्ग गर्न पूर्वाधार विकास गरिनेछ ।

१२) नगरपालिकामा सम्भावनाको क्षेत्रका रुपमा रहेको कृषि क्षेत्रको विकासमा ध्यान दिईने छ । कृषि क्षेत्रको सिंचाईको लाीग विभिन्न अल्पकालिन र दिर्घकालिन कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाको समेत शेयर लगानीमा एक अत्याधुनिक शीत भण्डार निर्माण गरिनेछ । साथै नगदेवाली तर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागि विशेष पहल गरिनेछ । कृषि विकासका लागि जमिनको खण्डिकरण नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ । साथै कृषि उत्पादन अभिवृद्धिका लागि सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकरण, कृषि हाट बजारको विकास र संचालन, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम तथा विषादी प्रयोगमा न्यूनीकरण गर्ने व्यवस्था मिलाईनेछ । सामुहिकता प्रर्वद्धन तथा बजारीकरणका लागि कृषि सहकारी कार्यक्रम संचालन, माटो परिक्षण र माटो सुधारमा पहल र माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

१३) सहकारी क्षेत्रलाई नगर अर्थ व्यवस्थाको महत्वपूर्ण पक्षका रुपमा विकास गरिनेछ । नगर सहकारी ऐन मार्फत सहकारी क्षेत्रको व्यवस्थापन गर्ने व्यवस्था मिलाईनेछ । सहकारी क्षेत्र मार्फत हुने श्रोत परिचालनलाई पारदर्शी र विश्वासयोग्य बनाईनेछ । साथै सहकारी क्षेत्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै "सहकारी शिक्षाको कार्यक्रम" लाई सहकारी क्षेत्रको साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाईनेछ।

१४)कृषि क्षेत्रमा बढ्दै गएको विषादी प्रयोगलाई निरुत्साहित गरिनेछ । अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

१५) पशु विकास मार्फत कृषिमा आयआर्जन कार्यक्रमलाई प्रर्वद्धन गरिनेछ । पशुपालक कृषकलाई प्रोत्साहीत गर्न उत्पादनमा आधारित नगर सहयोग कार्यक्रम संचालन गरिनेछ । छाडा चौपायाको उचित व्यवस्थापन गरिनेछ ।

१६) जेष्ठ नागरिकलाई समाजमा सम्मानजनक रुपले व्यवहार गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकमा रहेको ज्ञान, शिप र क्षमतालाई प्रयोग गर्ने व्यवस्था मिलाईने छ । जेष्ठ नागरिकको स्वास्थ्य हेरचाहको लागि दिवा सेवा केन्द्र र "जेष्ठ नागरिक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम" संचालन गरिनेछ ।

१७) फरक क्षमता भएका वर्ग र समुदायलाई सिप र क्षमता विकास मार्फत मुलप्रवाहीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

१८) स्थानीय बालमैत्री शासन नगरका पुर्वाधारहरु विकास गरिनेछ । बालश्रमुक्त नगर तथा बालमैत्री नगर घोषणा गर्न आवश्यक मापदण्ड पुरा गर्न लगानीलाई केन्द्रित गरिनेछ । साथै बालश्रम विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१९) महिला वर्ग माथि हुने विभेद अन्त्यका लागि सचेतनात्मक कार्यक्रम संचालन गरिनेछ । कार्यस्थलको हिंसा,घरेलु हिंसा, लैङ्गिक तथा यौन हिंसा,तेस्रो लिङ्गी तथा समलिङ्गी विरुद्धका सबै प्रकारका हिंसा विरुद्धको अभियान संचालन गरिनेछ । महिला हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ र न्यायिक क्रियाकलापलाई द्रुत सुनुवाईको व्यवस्था मिलाईने छ । महिला शसक्तिकरणका लागि वहस पैरवी गरिने छ । विपन्न वर्ग लक्षित वस्तुगत टेवा, सिप विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२०) नगरपालिका क्षेत्र भित्ररहेका दाईजो,तिलक,बालविवाह,छुवाछुत जस्ता सामाजिक कुरीति र कुप्रथा अन्त्य गर्न सचेतनामुलक सामाजिक जागरण कार्यक्रम संचालन गरिनेछ ।

२१) "स्वास्थ्य नै धन हो र स्वस्थ नागरिक राज्यको सम्पत्ती हो" भन्ने भावना अनुसार समग्र नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी जनचेतनामूलका कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहबाट निशुल्क वितरण गरिने औषधीलाई समयमा नै उपलब्ध गराईनेछ । स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवामा सबैको पहुँचको सुनिश्चतता गरिनेछ । स्वास्थ्य सँस्थाको क्षमता विकास जनशक्ति विकास तथा पूर्वाधार र स्वास्थ्य उपकरण तथा सामाग्रीको आपूर्तीलाई व्यवस्थित गरिनेछ ।

२२) व्यक्ति र समाजको विकासको मेरुदण्डका रुपमा रहेको शिक्षाको स्तरोन्नतीका लागि विभिन्न शैक्षिक कार्यक्रम मार्फत विशेष ध्यान दिइनेछ । विद्यालय शिक्षाबाट बञ्चित रहेका गरीब तथा विपन्न बालबालिकालाई विद्यालय पहुँचका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२३) नगर शिक्षा ऐन र नियमावली बमोजिमको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै विद्यालयको प्रभावकारी संचालन,चुस्त व्यवस्थापन र आवश्यक नियमनमा जोड दिइनेछ ।

२४) न्यून दरबन्दी भएका सामुदायिक विद्यालयहरुलाई संचालित कक्षा र विद्यार्थी संख्याको आधारमा निजीस्रोत शिक्षक मार्फत अध्यापन कार्यमा सहयोग पुऱ्याईने छ । आवश्यकता अनुसार योग्य र सक्षम शिक्षक छनौटका लागि कार्यविधि बनाई नगरस्तरबाट नै शिक्षकको पदपुर्ती गर्ने नीति लिईनेछ ।

२५) विद्यालयमा संचालन हुने विभिन्न तहका परीक्षाहरुलाई नगरस्तरीय परीक्षाको रुपमा संचालन गरी नतिजाको विश्लेषण र प्रयोग गर्ने नीति लिईनेछ । परीक्षा संचालन खर्चका लागि अनुदान दिई विधार्थीबाट परीक्षा शुल्क नलिने यस अघिको नीतिलाई निरन्तरता दिइनेछ ।

२६) विद्यालय व्यवस्थापन र शिक्षण सिकाईमा सुधार सम्बन्धी तालिम दिई विद्यालयका विभिन्न पदाधिकारी र शिक्षकहरुको क्षमता विकास गर्ने नीति लिईनेछ । विद्यालयको भौतिक सुविधा विस्तार र विधालय शिक्षामा कम्प्युटरको प्रयोगमा जोड दिई संस्थागत क्षमताको विकास गर्ने नीति लिईने छ ।

२७) सामुदायीक विद्यालयमा छात्रा छात्रवृत्ति,दलित छात्रवृत्ति,विशेष शिक्षा छात्रवृत्ति र गरीब जेहेन्दार तथा उत्कृष्ठ विद्यार्थीका लागि मेयर छात्रवृत्ति कार्यक्रम मार्फत विद्यार्थीहरुलाई शिक्षामा प्रोत्साहन गरिनेछ ।

२८) विभिन्न शिपमुलक कार्यक्रम र अभ्यास मार्फत स्वरोजगार र रचनात्मक कार्यमा लाग्न युवाहरुलाई प्रोत्साहित गरिनेछ । विभिन्न खेलकुदका कार्यक्रमको माध्यमबाट युवाहरुमा रहेको खेलशिपको विकासमा जोड दिईनेछ ।

२९) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ । जनप्रतिनिधी र कार्यरत जनशक्तिको ज्ञान शिप र क्षमताको विकास र परिचालन गरिनेछ । जनप्रतिनिधी र कर्मचारीको आचर संहिता बनाई सुशासनको प्रत्याभूति गरिनेछ । राम्रो काम गर्ने कर्मचारी पुरष्कृत हुने, काम नगर्ने एवं गैर कानुनी काम गर्ने कर्मचारी

दण्डित हुने विधीलाई कार्यान्वयनमा ल्याईनेछ । नगरपालिकामा दरवन्दी अनुसार ठुलो संख्यामा कर्मचारी रिक्त रहेको कारण कार्यरत जनशक्तिलाई परेको कार्यबोझलाई मध्यनजर गर्दै कर्मचारीहरुलाई प्रोत्साहित गर्ने विशेष नीति लिइएकोछ । स्थानिय सरकार संचालन ऐन २०७४मा व्यवस्था भए बमोजिमको केन्द्रबाट स्विकृत संगठन संरचना अनुसार कर्मचारी पदपुर्ती भए सँगै वडाको खर्च खाता संचालनमा ल्याइनेछ ।

३०) सार्वजनिक निर्माण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन सार्वजनिक निर्माणको क्षेत्रमा ई-टेण्डरको पद्धतीलाई क्रमशः अवलम्बन गरिनेछ । नगरसभाबाट स्विकृत भएका योजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाबाट परिवर्तन र परिमार्जन गरिने छैन ।

३१) नगरपालिकाको सुन्दरता र वातावरणिय स्वच्छताको लागि फोहरमैलाको व्यवस्थापन गरिनेछ । फोहर व्यवस्थापनमा नविन प्रविधि आत्मसात गरिनेछ । यसका लागि सरकारी ,गैरसरकारी,निजी तथा सहकारी क्षेत्रमा विशेष साझेदारीको नीति अवलम्बन गरिनेछ ।

३२) सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रुपमा रहेको भ्रष्ट्राचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था मिलाईनेछ ।

३३) न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागि न्यायिक समितिको क्षमता विकास गरिनेछ । वडा तहमा मेलमिलाप समिति गठन तथा व्यवस्था गरि न्यायमा नागरिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिनेछ ।

३४) बढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने शहरीकरण र पुर्वाधार विकासलाई आवद्ध गरिनेछ । यसका लागि नगरवासीको सरोकार, स्वच्छ, पारदर्शी विकासमुखी व्यवस्थित शहर कार्यक्रम लागू गरिनेछ । यस अन्तर्गत

- संचालनमा रहेका खानेपानीका योजनाहरुलाई पुर्ण रुपमा प्रभावकारी बनाईनेछ साथै खानेपानीका नयाँ परियोजनाहरुलाई क्रमिक रुपमा लागु गर्दै सबै घरपरिवारमा शुद्ध खानेपानी वितरणको व्यवस्था मिलाईनेछ ।
- सडक निर्माणको गुणस्तर तथा मापदण्ड निर्धारण र कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- नगरका प्रत्येक वडामा कम्तिमा एक वटा हरियाली उद्यान(पार्क) निर्माण गर्ने नीति लिईनेछ ।
- फोहरमैला विसर्जनको लागि आधुनिक ल्याण्डफिल्ड साईटको निर्माण गरिनेछ ।
- बजारको मुख्यकेन्द्र बुद्धचोकमा अत्याधुनिक सुविधा सम्पन्न सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
- बजार अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ । उपभोक्ता हित संरक्षणका लागि जनप्रतिनिधी, उपभोक्ता हितमा क्रियाशिल संघ संस्था, निजीक्षेत्र लगायतलाई परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

३५) व्यवस्थित वस्ती विकासमा जोड दिंदै जमिनको अस्वभाविक खण्डिकरणलाई नियन्त्रण गरिनेछ । यसका लागि प्रचलित कानुन तथा नगरपालिकाबाट जग्गा विकास कार्यविधि बनाई कडाईका साथ लागू गरिनेछ ।

३६) जग्गा जमिनको प्रयोगलाई बैज्ञानिक बनाईनेछ । नगरपालिका क्षेत्र भित्रका जग्गा उपयोग गर्न तथा उत्पादनशिलता अभिवृद्धिका लागि भू-उपयोग नीति बनाई लागू गरिनेछ ।

३७) भूमिहिन सुकुम्बासीको लगत अद्यावधिक गरिनेछ । सुकुम्बासीको नाममा जथाभावी सार्वजनिक जग्गा कब्जा गर्ने, संरचना निर्माण गर्ने कार्यलाई कानुनको दायरामा ल्याईनेछ । वास्तविक सुकुम्बासीको पहिचान गरि उनीहरुको जिवनस्तर सुधारको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३८) भूमिहिन सुकुम्बासी अति विपन्न अवस्थामा रहेका नागरिकलाई सामुहिक आवासको व्यवस्था गर्न संघीय सरकारको साझेदारीमा सामुहिक आवासको निर्माण गर्दै जाने नीति लिइएको छ ।

३९) यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका तर दर्ताको दायरामा नआएका उद्योग तथा व्यवसायहरुको लागि सहज रुपले दर्ता हुन प्रोत्साहित हुने कार्यक्रम संचालन गरिनेछ ।

४०)विभिन्न विकास योजना तथा नीति निर्माण एवं कार्यान्वयनको शिलशिलामा देखिएका समस्याहरु तत्काल समाधान गरी समयमै सम्पन्न हुने सुनिश्चित गर्न विषयगत समितिलाई थप क्रियाशिल बनाईनेछ ।

४१) राष्ट्रिय स्तरमा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम सँग समन्वय गरी स्थानीय स्तरका थप रोजगारका कार्यक्रमहरु संचालन गरिनेछ । स्वदेशी तथा वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका सचेतनामुलक कार्य तथा रोजगार प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

अन्त्यमा माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नीति र कानुनको व्यव्स्था तथा कर्मचारीको पदपुर्ती गर्नु चुनौतिपुर्ण छ । चुनौतिको सामना गर्न सबै क्षेत्रबाट सकारात्मक सहयोग प्राप्त भएमा अवश्य पनि परिलक्षित गरेका योजना तथा कार्यक्रमको उद्देश्य पुरा हुनेछ । यसका लागि सबैबाट सहयोगको आशा एवं अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम बमोजिम आगामी आ.ब.को आय व्ययको विवरण समावेश भएको बजेट पेश गर्दछु ।

**सभा अध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्ष २०७६।०७७ बजेटको उद्येश्य तथा प्राथमिकताहरु निम्न बमोजिम रहेको छ ।

उद्देश्यहरु

- आन्तरिक र वाह्रय श्रोतको अधिकत्तम परिचालन गर्ने ।
- आर्थिक तथा सामाजिक क्षेत्रको विकास मार्फत नागरिकको जिवन स्तर सुधार गर्ने ।
- समावेशी र सन्नतुलित विकासमा जोड दिने ।
- सार्वजनिक सेवालाई गुणस्तरीय बनाउदै गुणस्तरीय सेवामा आमनागरिकको महुच बढाउने ।
- सुशासनको प्रत्याभुति गर्ने ।

प्राथमिकताहरु

- आर्थिक पूर्वाधार विकास र भौतिक पूर्वाधार संरचनाको समुचित विकास तथा अधुरा आयोजनाहरुको कार्यान्वयन,
- उद्योग र पर्यटन क्षेत्रको विकास गर्दै राजश्वमा अभिवृद्धि,
- कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईको क्षेत्रमा विशेष लगानी,
- जेष्ठ नागरिक, महिला, युवा, बालबालिका र फरक क्षमता भएका ब्यक्तिहरु क्षेत्रमा लगानी
- दक्ष जनशक्तिको विकासमा जोड दिदै रोजगारी श्रृजना गर्ने,
- शिपमुलक तालिम र खेलकुद क्षेत्रको विकास,

**सभा अध्यक्षज्यू,**

**अब म आ.ब. २०७६।०७७ को आय अनुमानको संक्षित विवरण प्रश्तुत गर्दछु ।**

| आय | | | | |
|---|---|---|---|---|
| **क.स.** | **विवरण** | **श्रोत** | **रकम** | **अक्षेरुपी** |
| १ | समानिकरण अनूदान | संघीय सरकार | १६८०००००००।०० | १६ करोड ८० लाख |
| २ | शर्सत अनूदान चालू | संघीय सरकार | १८५३००००००।०० | १८ करोड ५३ लाख |
| ३ | राजश्व बाडफाड | संघीय सरकार | ११४७००००००।०० | ११ करोड ४७ लाख |
| ४ | समानिकरण अनूदान | प्रदेश सरकार | ४९६७०००।०० | ४९ लाख ६७ हजार |
| ५ | शर्सत अनूदान चालू | प्रदेश सरकार | ०।०० | |
| ६ | सवारी कर राजश्व बाडफाड | प्रदेश सरकार | १२२९८०००।०० | १ करोड २२ लाख ९८ हजार |
| ७ | रजिष्ट्रेशन बाडफाड | प्रदेश सरकार | १००५००००।०० | १ करोड ५० हजार |
| ८ | आन्तरीक आय | स्थानीय सरकार | ७०००००००।०० | ७ करोड |
| ९ | सवारी साधन कर | स्थानीय सरकार | २५००००००।०० | २ करोड ५० लाख |
| १० | रजिष्ट्रेशन बाडफाड | स्थानीय सरकार | २५००००००।०० | २ करोड ५० लाख |

| | | | | |
|---|---|---|---|---|
| ११ | मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम | प्रदेश सरकार | ५२०००००।०० | ५२ लाख |
| १२ | गत आ.ब.को मौज्दात | स्थानीय सरकार | ७०११३४००।०० | ७ करोड ११ लाख १३ हजार ४ सय |
| | कूल आय जम्मा | | ६९०६२८४००।०० | ६९ करोड ६ लाख २८ हजार ४ सय |

अब म आ.ब. २०७६।०७७ को ब्यय अनुमानको संक्षित विवरण प्रश्तुत गर्दछु ।

| | ब्यय | | | |
|---|---|---|---|---|
| क.स. | विवरण | श्रोत | रकम | अक्षेरुपी |
| १ | प्रशासनिक चालू खर्च | | १३८६७९४००।०० | १३ करोड ८६ लाख ७९ हजार ४ सय |
| २ | शर्सत अनूदान चालू | | १८५३००००००।०० | १८ करोड ५३ लाख |
| ३ | वडा स्तरीय | | ८५२९९०००।०० | ८ करोड ५२ लाख ९९ हजार |
| ४ | नगरस्तरीय | | १६८३००००००।०० | १६ करोड ८३ लाख |
| ५ | शिक्षा | | १७७७५०००।०० | १ करोड ७७ लाख ७५ हजार |
| ६ | स्वास्थ्य | | ४०१००००।०० | ४० लाख १० हजार |
| ७ | बालमैत्री स्थानिय शासन | | ४००००००।०० | ४० लाख |
| ८ | महिला | | १०२००००।०० | १० लाख २० हजार |
| ९ | सामाजिक विकास | | ६७८५०००।०० | ६७ लाख ८५ हजार |
| १० | सहकारी | | १००००००।०० | १० लाख |
| ११ | गरिवी न्युनिकरण तथा सामाजिक परिचालन कोष | | ५०००००।०० | ५ लाख |
| १२ | प्रकोप व्यवस्थापन कोष | | १५०००००।०० | १५ लाख |
| १३ | वातावरण संरक्षण कोष | | ५०००००।०० | ५ लाख |
| १४ | मर्मत सम्भार कोष | | १८०००००।०० | १८ लाख |
| १५ | मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम | | ५२०००००।०० | ५२ लाख |
| १६ | पशू/कृषि | | ९५१००००।०० | ९५ लाख १० हजार |
| १७ | समपूरक | | | |
| | संघीय सरकार | | २४००००००।०० | २ करोड ४० लाख |
| | प्रदेश सरकार | | २१२५००००।०० | २ करोड १२ लाख ५० हजार |
| | सडक बोर्ड | | ३००००००।०० | ३० लाख |
| | डोलीडार | | ३३००००।०० | ३ लाख ३० हजार |
| | तराई मधेश समृद्धी | | ७९०००००।०० | ७९ लाख |
| | कूल व्यय जम्मा | | ६९०६२८४००।०० | ६९ करोड ६ लाख २८ हजार ४ सय |

**सभा अध्यक्षज्यू,**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा संलग्न रहि सहयोग पुऱ्याउने रामग्राम नगरपालिका नगरप्रमुखज्यू, नगर कार्यपालिका सदस्यज्यूहरु, सम्पुर्ण सहकर्मी सदस्यज्यूहरु र रामग्राम नगरपालिकाका कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षहरुबाट सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा लिदै यस स्थानीय सरकारले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार , निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, मतदाता, रामग्राम नगरवासी, पत्रकार जगत र सम्पुर्ण बुद्धिजिवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।